# पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास कार्यक्रमको कार्यान्वयन कार्यविधि, २०७८

(प्रदेश सरकार, बागमती प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको (माननीय मन्त्रीस्तर)
मिति २०७८/०५/२३ को निर्णयबाट स्वीकृत)

प्रदेश सरकार

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

वागमती प्रदेश

हेटौंडा, मकवानपुर

आ.व. ०७८/७९

# विषय सूचि


| विवरण | पेज नं. |
| --- | --- |
| परिच्छेद १ संक्षिप्त नाम र प्रारम्भ | १ |
| परिच्छेद-२: परिभाषा | १ |
| परिच्छेद-३: कार्यविधिको सामान्य मार्गदर्शन | १ |
| परिच्छेद-४: उपभोक्ता समितिबाट गरिने कार्यको कार्यविधि | २ |
| परिच्छेद-५: विगत आ. व. मा ठेक्का मार्फत सम्झौता भएका बहुवर्षिय तथा क्रमागत योजनाहरु सम्पन्न गर्ने | ४ |
| परिच्छेद-६: विगत आ. व. मा उपभोक्ता समुहहरुसँग सम्झौता भएका विभिन्न अधुरा योजनाहरु सम्पन्न गर्ने | ४ |
| परिच्छेद-७: पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास | ४ |
| परिच्छेद-८: सम्भाव्यता अध्ययन/गुरुयोजना तयारी/विस्तृत परियोजना प्रतिवेदन तयारी/वातावरणीय अध्ययन | ५ |
| परिच्छेद-९: भाषा, संस्कृति तथा सम्पदा संरक्षण | ६ |
| परिच्छेद-१०: पर्यटन प्रवर्धन तथा प्रचार प्रसार कार्यक्रम | ६ |
| परिच्छेद-११: तालिम तथा गोष्ठी | ७ |
| परिच्छेद-१२: पर्यटन पूर्वाधार निर्माणको लागि विशेषज्ञ इन्जिनियरिङ्ग परामर्श सेवा | ७ |
| परिच्छेद-१३: ट्रेकिङ्ग मजदुर लक्षित उच्चपहाडी तथा हिमाली भेगका पर्यटकीय पदमार्ग, हिमाल बेसक्याम्प, पर्यटकीय रुट जाने मार्गको वृहत सरसफाई कार्यक्रम | १० |
| परिच्छेद-१४: सामुदायिक होमस्टे प्रबर्द्धन कार्यक्रम | १० |
| परिच्छेद-१५: स्थानिय तह एवं अन्य निकायबाट सञ्चालन गरिने कार्यक्रम कार्यान्वयन कार्यविधि | १० |
| परिच्छेद-१६: विविध | १० |
| अनुसूची-१: निवेदनको ढाँचा | ११ |


प्रदेश सचिव

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
हेटौडा, नेपाल

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

१. यो कार्यविधिको नाम "**पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास कार्यक्रमको कार्यान्वयन कार्यविधि, २०७८**" रहेको छ।

२. यो कार्यविधि आर्थिक वर्ष स्वीकृत मितिबाट लागू हुनेछ ।

## परिच्छेद-२
## परिभाषा

३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

क. "कार्यविधि" भन्नाले प्रदेश सरकार, बागमती प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका पर्यटन पूर्वाधार निर्माण र पर्यटन प्रवर्द्धन सम्बन्धि स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्नको लागी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयवाट स्वीकृत कार्यविधीलाई सम्झनुपर्छ ।

ख. "मन्त्रालय" भन्नाले प्रदेश सरकार, बागमती प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सम्झनुपर्छ ।

ग. "आयोजना" भन्नाले पर्यटन विकास आयोजना, बागमती प्रदेश, हेटौंडा, मकवानपुर सम्झनुपर्छ।

घ. "सम्बन्धित निकाय वा कार्यालय" भन्नाले मन्त्रालयद्वारा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्न तोकिएको सरकारी निकायलाई सम्झनुपर्छ ।

ङ. "महाशाखा" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको महाशाखा सम्झनुपर्छ ।

च. "कार्यालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत स्थापना भएका विषयगत कार्यालयहरु सम्झनुपर्छ ।

छ. "स्थानीय तह" भन्नाले कार्यक्रम लागु हुने स्थानको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ।

## परिच्छेद-३
## कार्यविधिको सामान्य मार्गदर्शन

४. पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास कार्यक्रमहरु उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, पर्यटन विकास आयोजना, प्रदेश सरकार अन्तरगतका कार्यालयहरु, स्थानीय सरकारसँगको समन्वय, उपयुक्तता र आवश्यकताको आधारमा संघीय सरकारका सम्बन्धित निकाय वा कार्यालयहरु मार्फत समेत सञ्चालन गर्न गराउन सकिनेछ।

५. स्वीकृत वार्षिक कार्यक्रममा स्थान नतोकिएका कृयाकलापहरुको लागि सम्बन्धित निर्वाचन क्षेत्रका माननीय सदस्य (प्रदेश सभा) लगायत सरोकारवालाहरुसँगको समन्वयमा उपयुक्त स्थानको छनौट गरिनेछ ।

६. उपभोक्ता समितिले पुर्‍याउनु पर्ने योगदानको हकमा बागमती प्रदेश सरकार वा मन्त्रालयले निर्णय गरे सोही बमोजिम अन्यथा जनसहभागिता वापत न्यूनतम १० प्रतिशत राखी कार्यक्रम सञ्चालन गरिने छ।

७. सामुदायिक वन क्षेत्रमा पर्यटन पूर्वाधार सम्वन्धि कार्यहरु वन तथा भूसंरक्षण विभागले तयार गरेको सामुदायिक वनमा पर्यापर्यटन प्रवर्धन कार्यविधि, २०७५ बमोजिम सञ्चालन गरिनेछ ।

प्रदेश सचिव

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश सरकार बागमती प्रदेश हेटौंडा, नेपाल

८. राष्ट्रिय वन क्षेत्रमा सञ्चालन गरिने पर्यटन पूर्वाधार सम्बन्धि क्रियाकलापहरु सम्बन्धित डिभिजन वन कार्यालय र राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्र भित्रको कार्यक्रमहरु सम्बन्धित राष्ट्रिय निकुञ्ज/संरक्षण क्षेत्र कार्यालयसँग समन्वय, सहकार्य एवं सहमती लिएर मात्र गरिनेछ।

९. ऐतिहासिक प्राचिन स्मारक तथा पुरातत्वसँग सम्बन्धित कार्यहरु पुरातत्व विभागसँग समन्वय र सहकार्य गर्दै नेपाल सरकारको "प्राचिन स्मारक संरक्षण सम्बन्धी कार्यविधी, २०६४" बमोजिम गरिनेछ।

१०.पर्यटन विकासका क्रियाकलापहरु सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली,२०६४, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, प्रदेश आर्थिक ऐन, सार्वजनिक खर्च सरलिकरण ऐन र अख्तियारी मार्गदर्शन पुर्णरुपले पालना गरिने छ ।

११.हिलस्टेशन तथा नमूना गन्तव्य अन्तर्गत निर्माण गरिने भ्यु टावर निर्माण, वन बगैचा स्थापना, विश्राम तथा मनोरञ्जन घरहरु जस्ता जटिल प्रकृतिका निर्माण कार्यहरु स्थानीय भौगोलिक अवस्थिति र धार्मिक, सांस्कृतिक, जैविक मौलिकता झल्किने गरी परामर्शदाताबाट तयार भएको विस्तृत आयोजना प्रतिवेदन (DPR) अनुसार राष्ट्रिय खुल्ला बोलपत्र प्रकृया अपनाई निर्माण कार्य सञ्चालन एवं सम्पन्न गरिनेछ।

१२.सम्बन्धित सरोकारवाला पक्षले सम्बन्धित योजनाको लागि सर्भे, डिजाईन, नक्सा तथा लागत ईष्टिमेट सरकारी निकाय तथा नेपाल सरकारबाट मान्यता प्राप्त सेवा प्रदायक संस्था वा कम्पनीबाट तयार गरी पेश गर्न सक्ने छ। उक्त कागजातहरु आयोजनाका प्राविधिकबाट चेकजाँच गरी आवश्यकता अनुसार परिमार्जन गरी स्वीकृत गर्न सकिनेछ।

१३.आयोजनामा उपलब्ध प्राविधिकहरुवाट स्वीकृत आयोजनाहरुको सर्भे डिजाईन तथा लागत अनुमान तयार गरी प्रचलित कानुन बमोजिम राष्ट्रिय खुल्ला बोलपत्र प्रकृया वा उपभोक्ता समिति मार्फत कार्यक्रम कार्यान्वयनमा ल्याउन सकिनेछ।

१४.स्थान छनौटः

- ✓ वार्षिक कार्यक्रममा स्थान नतोकिएका क्रियाकलापहरुका लागी सम्बन्धित क्षेत्रबाट निर्वाचित प्रदेश सभाका सदस्य, स्थानीय तह लगायतका सरोकारवालाहरुको समन्वयमा उपयुक्त स्थानको छनौट गरिनेछ,
- ✓ स्थान छनौट गर्दा सकेसम्म वन क्षेत्र बाहिर गरिनेछ,
- ✓ समूहद्वारा व्यवस्थित वनमा कार्यक्रम सञ्चालन गर्नु परेमा सम्बन्धित समूहको कार्य योजनामा उल्लेख भएको हुनु पर्ने, नभएमा संशोधन गरी सम्बन्धित अख्तियारवालाबाट स्वीकृत गराउने र प्रदेश सरकारबाट स्वीकृत पर्यटन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा वन क्षेत्रको जग्गा प्रयोग गरी रुख विरुवा हटाउन र वन क्षेत्रमा भौतिक संरचना निर्माण गर्नु पर्ने भएमा भू-स्वमित्वमा परिवर्तन नहुने गरी २० प्रतिशत भन्दा कम छत्र घनत्व ( Crown Density) भएको वन क्षेत्रको जग्गा प्रयोग गर्न सकिने छ ।तर यस्तो जग्गा प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को दफा ३९ को उपदफा २ मा उल्लेख भए बमोजिम वढिमा ५ हेक्टरसम्म मात्र हुनेछ ।

## परिच्छेद-४

## उपभोक्ता समितिबाट गरिने कार्यको कार्यविधि

१५.प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम स्थानीय पर्यटकीय पूर्वाधार निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न गराउन सकिनेछ। कुनै योजनाको कार्यान्वयन गर्न उपभोक्ता समिति इच्छुक नदेखिएको तथा उपभोक्ता समिति मार्फत कार्य सञ्चालन गर्न उपयुक्त नदेखिएको अवस्थामा वोलपत्र वा दरभाउपत्रको माध्यमबाट योजना कार्यान्वयन गर्न सकिनेछ। उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने कार्यविधि देहाय बमोजिम हुनेछ।

प्रदेश सचिव



प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश, नेपाल

स्वीकृत वार्षिक कार्यक्रममा समावेस भएका रु ५० लाखसम्म विनियोजन भएका कृयाकलापहरु स्थानीय समुदायको भेलाबाट छनौट भएको उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन सकिनेछ। तर निम्न अवस्थामा रु ५० लाख भन्दा कम विनियोजन भएका कृयाकलापहरु भएता पनि उपभोक्ता समिति मार्फत निर्माण कार्य गराइने छैन ।

- ✓ प्राविधिक रुपले जटिल कार्य भनि प्राविधिक प्रतिवेदन प्राप्त भएको
- ✓ जटिल प्रकृतिको गुणस्तर परिक्षण गर्नु पर्ने
- ✓ हेवि इक्यूप्मेन्ट प्रयोग गर्नु पर्ने
- ✓ निर्माण कार्य सम्पन्न भए पश्चात उपभोक्ता समितिमा योजना हस्तान्तरण हुन नसक्ने
- ✓ निर्मित योजनाको संरक्षण तथा मर्मत संभार उपभोक्ता समितिबाट हुन नसक्ने
- ✓ उपभोक्ता समितिले कम्तिमा १० प्रतिशत लागत सहभागिता व्यहोर्न नसक्ने
- ✓ स्थानीय समुदायको भेलाले टेण्डर प्रकृयाबाट योजना निर्माण गरिदिन अनुरोध गर्ने भनि निर्णय भएको योजना

- उपभोक्ता समिति गठनः सम्बन्धित स्थानीय तहको निर्वाचित जनप्रतिनिधिको अध्यक्षतामा र कार्यक्रम कार्यान्वयन गर्ने निकायका प्रतिनिधिको रोहवरमा स्थानीय समुदायको भेलाबाट उपभोक्ता समिति गठन गर्नु पर्नेछ। उपभोक्ता समितिमा अध्यक्ष, सचिव तथा कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला सहित सामान्यतया समावेसी प्रकृतिको हुनु पर्नेछ।
- सम्बन्धित विषयको विशेषज्ञ तथा प्राविधिकहरुको सहयोगमा स्थलगत अवलोकन गरी सर्भे, डिजाइन तथा लागत अनुमान तयार गर्ने।
- डिजाइन तथा लागत अनुमान तयार गर्दा सम्बन्धित स्थानीय तह तथा उपभोक्ता समूहको माग, सल्लाह, सुझाव र आवश्यकतालाई पनि आधारमा लिन सकिने।
- लागत अनुमान तयार गरी सो को स्वीकृती तथा कार्यक्रम सञ्चालनको निम्ति तयार गरिने प्रस्तावमा कार्यक्रमको नाम, कार्यक्रमको उद्देश्य, उपभोक्ता समितिको विवरण, अपेक्षित उपलब्धि स्पष्ट खुलेको हुनु पर्ने।
- उपभोक्ता समिति मार्फत निर्माण हुने पर्यटकीय, भाषा, संस्कृति तथा सम्पदा संरक्षण सम्बन्धि पूर्वाधारहरुको निर्माण पश्चात त्यसको रेखदेख, मर्मत संभार तथा सञ्चालनको प्रतिवद्धता पेश गर्नु पर्नेछ।
- उपभोक्ता समिति मार्फत निर्माण हुने पर्यटकीय, भाषा, संस्कृति तथा सम्पदा संरक्षण सम्बन्धि पूर्वाधारहरुको निर्माण कार्यको कूल लागत मध्ये कम्तिमा १०(दश) प्रतिशत सम्बन्धित उपभोक्ता समितिले व्यहोर्नु पर्नेछ। यसको सुनिश्चितताको लागि सम्झौता गर्नु अगावै उपभोक्ता समितिको नाममा वैक खाता खोलि योजनाको कूल लागतको कम्तिमा १०(दश) प्रतिशत सो खातामा जम्मा गरेको प्रमाण पेश गर्नु पर्नेछ ।
- उपरोक्तानुसार गठन भएको समितिको निर्णय, सम्बन्धित निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश सभाका सदस्य र कम्तिमा सम्बन्धित स्थानीय तहको वडाको सिफारिस, आयोजनाका प्राविधिकले गरिदिएको लागत अनुमान, डिजाईन, नक्सा समेत संलग्न गरी उपभोक्ता समितिले प्रस्ताव/निवेदन पेश गर्नु पर्नेछ ।
- सम्बन्धित उपभोक्ता समितिबाट डिजाइन तथा लागत अनुमान सहितको प्रस्ताव/माग निवेदन प्राप्त भै डिजाइन तथा लागत अनुमान र लागत साझेदारी स्वीकृत भए पश्चात उपभोक्ता समितिसँग नियमानुसार सम्झौता गरी कार्य आदेश दिइने छ ।
- कार्यक्रमहरुको सम्झौता गर्दा कामको परिमाण, लागत, समय सिमा, गूणस्तर जस्ता सूचक समावेस गरी गर्ने ।
- मन्त्रालय, आयोजना, सम्बन्धित कार्यालय तथा प्राविधिकहरुबाट कार्यक्रमहरुको आवश्यकता अनुसार अनुगमन गरि सम्बन्धित उपभोक्ता समितिलाई पृष्ठपोषण उपलब्ध गराउने ।

- योजना कार्यान्वयन/निर्माण गर्ने उपभोक्ता समितिको जिम्मेवारी निम्नानुसार हुनेछ ।
    - उपभोक्ता समिति कार्यकारी समिति हुने छ ।
    - उपभोक्ता समितिले कार्यक्रम सम्झौता, कार्यान्वयन, समन्वय, अनुगमन गरी सम्पन्न गर्ने लगायतका सम्पूर्ण जिम्मेवारी वहन गर्ने छ।
    - सम्पन्न भएका योजनाको निरन्तर संरक्षण, सदुपयोग, संवर्द्धन, मर्मत संभार गर्ने दायित्व उपभोक्ता समितिको हुनेछ।
    - उपभोक्ता समितिले कार्यस्थलमा खटिएका प्राविधिक कर्मचारीले दिएका सल्लाह सुझाव बमोजिम कार्य सञ्चालन गर्नु पर्नेछ।
    - उपभोक्ता समितिले रकम खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको प्रकृया पुरा गरेर मात्र खर्च गर्नु पर्नेछ। प्रकृया नपुर्याई गरिएको खर्च भूक्तानी हुने छैन।
    - भुक्तानी गर्दा नियमानुसार कट्टी गर्नु पर्ने कर कट्टा गरेर मात्र गरिने छ।

## परिच्छेद-५
## ठेक्का मार्फत सम्झौता भएका बहुवर्षिय योजना तथा बिगत आ.व.मा खरिद सम्झौता भएको तथा म्याद थप गरी कार्य सम्पन्न गर्नु पर्ने योजना

१६. विगत आ.व. मा सम्झौता भई बहुवर्षिय एवं क्रमागत योजनाहरु निर्माण व्यवसायी/ परामर्शदाताहरुसँग गरिएको सम्झौताका शर्तहरु एवं प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले निर्दिष्ट गरे बमोजिम कार्यान्वयन गरिने छ।

## परिच्छेद-६
## उपभोक्ता मार्फत गत विगत तथा आ.व. ०७७/७८ मा सम्झौता भई अधुरो रहेका योजना सम्पन्न गर्ने

१७.गत विगत आर्थिक वर्षहरुमा उपभोक्ता समिति मार्फत निर्माण भएका क्षेत्रमा अधुरा तथा हाल अति आवश्यक महसुस भएको पर्यटकिय भौतिक पूर्वाधार निर्माण कार्य र गत आर्थिक वर्ष २०७७/७८ मा उपभोक्ता समितिहरुसँग सम्झौता भएका तर कोभिड-१९ महामारीले गर्दा भएको बन्दाबन्दी एवं निषेधाज्ञा परिस्थितिका कारण तोकिएको समयमा सम्पन्न हुन नसकी अधुरा रहेका पर्यटकीय पूर्वाधार निर्माण कार्यको प्राविधिक प्रतिवेदनका आधारमा पहिचान गरी उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय बागमती प्रदेशवाट स्वीकृत गराई आर्थिक वर्ष २०७७/७८ मा गरिएको सम्झौताको लागि सोही आ. व. मा सम्झौता भएको निर्माण उपभोक्ता समिति मार्फत बाँकी कार्य सम्पन्न गरिने छ भने सो भन्दा अघिको अधुरा कार्य सम्पन्न गर्नको लागि उक्त स्थानको हालको आवश्यकता एवं परिस्थिति अनुसार सोही समिति वा नयाँ समिति गठन गरी कार्य सञ्चालन गरिने छ।

## परिच्छेद-७
## पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास

- आर्थिक वर्ष २०७५/७६, २०७६/७७ र ०७७/७८ मा आयोजनाबाट विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भै सकेका वा अन्य निकायबाट विस्तृत परियोजना प्रतिवेदन (DPR) सहित माग भै स्विकृत वार्षिक कार्यक्रममा समावेस भएका योजनाहरुको निर्माण कार्य प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम राष्ट्रिय खुल्ला वोलपत्रको प्रकृयाबाट गरिने छ। यसको लागि देहायको प्रकृया अपनाइने छ।



प्रदेश सचिव

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश ... नेपाल

- प्राप्त हुन आएका विस्तृत परियोजना प्रतिवेदन (DPR) को आवश्यकता अनुसार स्थलगत निरिक्षण समेत गरी सम्बन्धित विषयका विज्ञहरुको टोलीबाट पुनरावलोकन (Review) गराउन सकिने।
- आर्थिक वर्ष २०७८/७९ मा नै सम्पन्न हुने कृयाकलापहरुलाई पहिलो प्राथमिकतामा राखी वोलपत्र सम्बन्धि कागजात तयार गरी वोलपत्रको प्रकृया शुरु गरिनेछ भने आर्थिक वर्ष २०७८/७९ को अवधिमा सम्पन्न हुन नसक्ने योजनाको हकमा वहुवर्षीय खरिद गुरुयोजना स्वीकृतिको लागि मन्त्रालयमा पेश गरी स्वीकृत भै आए पश्चात सोहि बमोजिम वोलपत्रको प्रकृया अगाडी वढाइनेछ।
- सञ्चालित कृयाकलापहरुको अनुगमन गरिने छ र तोकिएको काम तोकिएकै समय सीमा भित्र तोकिए बमोजिमको गुणस्तर कायम हुने गरी सम्पन्न गर्ने गरी निर्माण व्यावसायीलाई पृष्ठपोषण उपलब्ध गराइने छ।
- तोकिएको समयसीमा भित्र कार्य सम्पन्न नगर्ने निर्माण व्यावसायीलाई प्रचलित कानुन बमोजिम कार्वाहीको प्रकृया अगाडी वढाइनेछ।

## परिच्छेद-८

## सम्भाव्यता अध्ययन/गुरुयोजना तयारी/विस्तृत परियोजना प्रतिवेदन तयारी/वातावरणीय अध्ययन

१८.सम्भाव्यता अध्ययन/गुरुयोजना तयारी/विस्तृत परियोजना प्रतिवेदन तयारी/वातावरणीय अध्ययन जस्ता कार्यको कार्यविधि देहाय बमोजिम हुनेछ ।

- अध्ययन गरिने कृयाकलापहरुका लागि सम्बन्धित विषय विशेषज्ञहरुको सहयोगमा कार्य क्षेत्रगत शर्त (Terms of Reference, TOR) र लागत अनुमान तयार गरी स्वीकृत गर्ने।
- अध्ययन गर्नका लागि प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गर्ने
- छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसँग स्वीकृत कार्य सूची बमोजिम कार्य गर्ने गरी सम्झौता गर्ने
- सम्झौता पश्चात आयोजना, सम्बन्धित स्थानीय तह, सम्बन्धित जिल्ला समन्वय समिति लगायत अन्य सरोकारवालाहरुसँग समेत सम्पर्क एवं समन्वय गरी परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले मस्यौदा प्रतिवेदन तयार गरी प्रस्तुतीकरण गर्ने र प्रस्तुतीकरणकै समयमा वा अन्य माध्यमबाट प्राप्त पृष्ठपोषण समावेश गरी अन्तिम प्रतिवेदन तयार गर्ने

१९. पर्यटन प्रर्वधन कार्यक्रम अन्तर्गत गरिने सार्वजनिक निर्माणका लागि सम्भाव्यता अध्ययन, सर्भे,डिजाइन, ड्रइङ, DPR प्रतिवेदन तयार खर्च र विज्ञ परामर्शदाता मार्फत DPR को Review, निर्माण कार्यको अनुगमन, वातावरणीय अध्ययन र प्रतिवेदन।

आर्थिक वर्ष २०७८/७९ मा यस शिर्षकमा विनियोजन भएको रकम यसै आ.व. को स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको तर सर्भे, डिजाइन, ड्रइङ, DPR प्रतिवेदन तयार नभएका योजनाहरुको सर्भे, डिजाइन, ड्रइङ, DPR प्रतिवेदन तयार गर्ने कार्यलाई पहिलो प्राथमिकता दिई खर्च गरिनेछ। त्यसै गरी गत आर्थिक वर्षहरुमा तयार भएका सम्भाव्यता अध्ययन, गुरु योजनाले सिफारिस गरेका कृयाकलापहरुको आवश्यकता र औचित्यताको आधारमा दोश्रो प्राथमिकतामा राखी DPR गर्नमा यस शिर्षकमा विनियोजन भएको रकम खर्च गर्न सकिने छ। पर्यटन प्रर्वधन कार्यक्रम अन्तर्गत गरिने सार्वजनिक निर्माणका लागि सम्भाव्यता अध्ययन, गुरुयोजना निर्माण, सर्भे, डिजाइन, ड्रइङ, DPR प्रतिवेदन, वातावरणीय अध्ययन प्रतिवेदनहरुको प्रचलित नर्मसको परिधि भित्र रही विज्ञ वा विज्ञहरुको समूहबाट यस्ता दस्तावेजहरुको पुनरावलोकन (Review) गराउनमा समेत यसमा विनियोजन भएको रकम खर्च गर्न सकिने छ। यी सवै कार्य प्रचलित सर्वजनिक खरिद ऐन तथा नियमावलीहरु भएको प्रावधान अनुसार गरिने छ। विभिन्न निकायहरुबाट सम्भाव्यता अध्ययन,

सर्भे, डिजाइन, ड्रइङ, DPR तयारीको लागि अनुरोध भै आएको अवस्थामा माथि उल्लेखित प्रकारका कार्य सम्पन्न भै यस शिर्षकमा विनियोजन भएको रकम वाँकी रहेको अवस्थामा स्थलगत रुपमा निरिक्षण गरी गराइ प्राविधिकबाट उपयुक्ततताको परिक्षण समेत गरी गराई आवश्यकता र औचित्यताको आधारमा मन्त्रालयबाट स्वीकृत वाँडफाँड बमोजिम यस्ता सम्भाव्यता अध्ययन, सर्भे, डिजाइन, ड्रइङ, DPR प्रतिवेदन तयार गर्नमा समेत यस शिर्षकमा विनियोजन भएको रकम खर्च गर्न सकिने छ।

## परिच्छेद-९

## भाषा, संस्कृति तथा सम्पदा संरक्षण

२०.यस शिर्षक अन्तर्गत विनियोजन भएको कार्यक्रम सञ्चालनका लागि तपसिल प्रकृया अपनाईनेछ।

- ✓ पुरातत्वातिक महत्वका क्षेत्रमा कार्यसञ्चालन गर्दा आवश्यकता अनुसार पुरातत्व विभागसँग समन्वय गरी सञ्चालन गरीने,
- ✓ भाषा, संस्कृतिसँग सम्बन्धित कार्य क्षेत्रमा कार्य सञ्चालन गर्दा आवश्यकता अनुसार सम्बन्धित विज्ञहरुसँग समेत परामर्शगरी सञ्चालन गरिने,
- ✓ प्राविधिक दृष्टिकोणले जटिल प्रकृति रहेको कार्य सञ्चालन गर्दा ठेक्का प्रकृया अपनाईनेछ भने सामान्य प्रकृतिका कृयाकलापहरु उपभोक्ता समिति मार्फत सञ्चालन गरिनेछ

## परिच्छेद-१०

## पर्यटन प्रवर्द्धन तथा प्रचार प्रसार

२१.पर्यटन प्रवर्धनको लागि प्रचार प्रसार(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) यस शिर्षकमा विनियोजन भएको रकम आयोजनाबाट वाँडफाँड एवं स्वीकृत गरी देहायका कृयाकलापमा मात्र खर्च गर्न सकिनेछ ।

- ❖ पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले तयार पारेका श्रब्यदृष्य सामाग्रीहरुको टेलिभिजन, पत्रपत्रिका तथा Online खबरबाट प्रसारण तथा प्रकाशन,
- ❖ प्रदेशमा रहेका महत्वपूर्ण गन्तब्यहरु समेटिएको किताव, व्रोसियर, पम्प्लेट तयारी, छपाइ, सन्देश मूलक प्रचार प्रसार एवं वितरण,
- ❖ पर्यटन प्रवर्द्धनका लागि रेडियो कार्यक्रम उत्पादन र प्रसारण,
- ❖ पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने खालका स्टिकर, लोगो, व्याच तयारी तथा वितरण,

२२.अघिल्लो आ.व. सम्ममा भएका कार्यहरुको पार्श्वचित्र प्रकाशन(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) यस शिर्षकमा विनियोजन भएको रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यान्वयन गरिने,

२३.का.म.पा.को वडा नं. १२,१४,२१,२२ भित्र शहरहरुको अमुर्त संस्कृतीहरुमा विभिन्न बाजं खलःहरु जस्तै :गुँलाबाजं ज्यापु बाजं नाय् बाजं आदिको निरन्तरताको लागि ति परम्परागत जाहरु विभिन्न गुठि खलहरुलाइ वितरण गर्ने र नयाँ पुस्तामा प्रशिक्षण दिइ अमुर्त सम्पदाको संरक्षण गर्ने।

यस शिर्षक अन्तर्गत विनियोजन भएको कार्यक्रम सञ्चालन तपसिल प्रकृया अपनाईनेछ।

- ✓ सम्बन्धित समुदायसँग समन्वय गरी निजहरुको माग बमोजिमको बाजा/गाजाहरुको सूची तयार गरिने,

✓ प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम उक्त बाजा/गाजाहरु खरिद गरी सम्बन्धित बाजं खलःहरुलाई हस्तान्तरण गरिने,

✓ प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम लाभग्राही समुदायमा रहेका प्रशिक्षक वा अन्य सम्बन्धित विज्ञ मार्फत बाजा/गाजा बजाउने प्रशिक्षण दिईने,

## परिच्छेद-११

## तालिम तथा गोष्ठी

२४.टिम विल्डिङ(अन्य): मन्त्रालय तथा आयोजनामा कार्यरत कर्मचारीहरुलाई सहभागी गराई यस शिर्षकमा विनियोजन भएको रकम प्रचलित सार्वजनिक ऐन तथा नियमावली बमोजिम खर्च गरिने,

२५.होम स्टे को लागि Hospitality management सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम(उद्यमशीलता ,रोजगारी मुलक/ सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम)

सहभागी छनौटको लागि होम स्टे एसोसियसनहरुसँग समन्वयन गरिने,

प्रचलित सार्वजनिक ऐन तथा नियमावली बमोजिम परामर्शदाता छनौट गरी कार्यक्रम सञ्चालन गरिने,

## परिच्छेद-१२

## पर्यटन पूर्वाधार निर्माणको लागि विशेषज्ञ इन्जिनियरिङ्ग परामर्श सेवा (प्याकेज अनुसार-आव २०७७/७८ मा कार्यरत इन्जिनियरिङ्ग सेवामा करारमा कार्यरत प्राविधिकहरुलाई निरन्तरता दिने एवं खरिद योजना तथा DPR को लागि थप दुई जना इन्जिनियर समेत)(सिनियर विशेषज्ञ इन्जिनियर-१,विशेषज्ञ इन्जिनियर-७,सव-इन्जिनियर-८)(विज्ञ र सल्लाहकार सेवा)

२६.(क) आर्थिक वर्ष २०७७/७८ मा कार्यरत इन्जिनियरिङ्ग सेवामा करारमा कार्यरत प्राविधिकहरुलाई निरन्तरता दिइनेछ। तर कुनै इन्जिनियर तथा सव इन्जिनियरको कार्यसम्पादन संतोषजनक नभएमा वा कुनै इन्जिनियर तथा सव इन्जिनियरले राजिनामा दिइ रिक्त भएको अवस्थामा निजहरुको स्थानमा अर्को इन्जिनियर तथा सव इन्जिनियर नियुक्त गर्न सकिने छ ।यसरी काम गर्ने विशेषज्ञ इन्जिनियरहरुको सेवा सुविधा तथा सेवाका सर्तहरु देहाय बमोजिम हुनेछन् ।

- प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर, नेपालको च. नं. १४ मिति २०७८/०४/०८ को पत्र साथ प्राप्त स्वीकृत लागत अनुमान बमोजिम गत आ.व. मा खाई-पाई आएको रकममा नवढ्ने गरी व्यक्ति करारको आधारमा मासिक पारिश्रमिक भूक्तानी गरिने छ।
- करार सेवाका कर्मचारीले पाउने भनी नेपाल सरकारले वेला वेलामा निर्णय गरेका र करार सेवामा कार्यरत अन्य कर्मचारीहरुले खाईपाई आए बमोजिमको सुविधा समेत प्रदान गरिने छ ।
- इन्जिनियर तथा सव इन्जिनियरहरुलाई मन्त्रालय अन्तर्गतका निकायहरुमा कामकाज गर्ने गरी खटाउन सकिनेछ ।
- विशेषज्ञ इन्जिनियरिङ्ग परामर्श सेवामा काम गर्ने इन्जिनियर तथा सव इन्जिनियरहरुलाई पर्यटन पूर्वाधार निर्माणसँग सम्बन्धित कार्य गर्नको लागि मन्त्रालय मातहतको अर्को निकायमा पनि कामकाज गर्ने गरी खटाउन सकिने छ र खटाएको निकायले सम्पादन गर्नु पर्ने पर्यटन पूर्वाधारसँग सम्बन्धित कार्यको लागि प्रविधिक सेवा उपलब्ध गराउने विशेषज्ञ इन्जिनियरिङ्ग परामर्श सेवामा काम गर्ने इन्जिनियर तथा सव इन्जिनियरको दायित्व हुनेछ।
- यस सम्बन्धि अन्य सुविधा तथा सेवाका शर्तहरु करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

प्रदेश सचिव

(ख) आयोजनाको आर्थिक वर्ष २०७८/७९ को स्वीकृत कार्यक्रम कृ.नं. २.५.२.२३ मा रहेको खरिद योजना तथा DPR को लागि थप दुई जना इन्जिनियर परामर्श अन्तर्गत करार सेवामा लिने कार्यक्रम रहेको हुँदा सो परामर्श सेवा प्राप्त गर्ने प्रयोजनका लागि तपसिल बमोजिम कार्यविधि तयार गरिएको छ।

आयोजना प्रमुखको निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा रहि विशेषज्ञ इन्जिनियरिङ्ग परामर्श सेवा उपलब्ध गराउने प्राविधिकले विशेषज्ञ इन्जिनियरिङ परामर्श सेवा तथा आयोजनाको पूर्वाधार शाखाको करार सेवाको कर्मचारीको रुपमा देहायका कार्य सम्पादन गर्नु गराउनु पर्नेछ।

- आयोजनाबाट गराउने विस्तृत परियोजना प्रतिवेदन, सम्भाव्यता अध्ययन प्रतिवेदन, गुरु योजनाहरु लगायत यस्तै प्रकृतिका दस्तावेज सम्वन्धि कार्यको कार्यक्षेत्रगत शर्त (Terms of Reference, TOR) तयार गर्ने।
- परामर्शदाताले पेश गरेका विस्तृत परियोजना प्रतिवेदन, सम्भाव्यता अध्ययन प्रतिवेदन, गुरुयोजनाहरु लगायत यस्तै प्रकृतिका दस्तावेजहरुको मस्यौदाको पुनरावलोकन गरी आवश्यक सुधारको लागि पृष्ठपोषण दिने तथा सुधार भै आए पश्चात स्वीकृतिको लागि सिफारिस गर्ने।
- प्राप्त DPR मा रहेको लागत अनुमान र Design/Drawing को विस्तृत अध्ययन गरी ठेक्का सम्वन्धि कागजात (Bidding Documents) तयार गरी ठेक्का सम्बन्धि प्रकृयामा सहजिकरण गर्ने।
- आफूले गरेका कार्यको पाक्षिकरुपमा प्रगति प्रतिवेदन आयोजना प्रमुख समक्ष पेश गर्ने।
- आयोजना प्रमुखले विशेषज्ञ इन्जिनियरिङ परामर्श सेवा अन्तर्गत करार सेवाको कुनै प्राविधिकले गर्ने भनी मौखिक तथा लिखित रुपमा तोकिदिएका इन्जिनियरिङ्ग पेशासँग सम्वन्धित अन्य कार्यहरुका साथै आयोजनाको आवश्यकता अनुसार फिल्ड कार्यमा समेत खटाउन सकिने छ।

आवश्यक न्यूनतम योग्यता र कार्य अनुभव

| सि. नं. | पद | शैक्षिक योग्यता | कार्य अनुभव | कैफियत |
|---|---|---|---|---|
| १ | विशेषज्ञ इन्जिनियर | सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक गरी नेपाल इन्जिनियरिङ्ग परिषद् (Nepal Engineering council) बाट दर्ता प्रमाण पत्र लिएको। | नेपाल इन्जिनियरिङ्ग परिषद् (Nepal Engineering council) बाट दर्ता प्रमाण पत्र प्राप्त गरे पश्चात कम्तिमा दुई वर्षको प्रमाणित अनुभव भएको | |

छनौट कार्यविधि

व्यक्ति करारको लागि उपरोक्तानुसारको प्राविधिक छनौट गर्न आफ्नो शैक्षिक योग्यता र कार्य अनुभव संलग्न राखी अनुसूची-१ अनुसारको ढाँचामा निवेदन पेश गर्न सार्वजनिक सूचना प्रकाशन गरिने छ।

सार्वजनिक सूचना अनुसार प्राप्त भएका निवेदनहरुको तोकिएको योग्यता र अनुभवको आधारमा Short Listing गरिने छ।

Short Listing को आधार देहाय बमोजिम हुने छ।

- ✓ पेश भएका कागजातहरु प्रमाणित भएको हुनु पर्नेछ
- ✓ न्यूनतम शैक्षिक योग्यता र अनुभव प्राप्त भएको हुनु पर्नेछ

प्रदेश सचिव

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश हेटौंडा, मकवानपुर, नेपाल

यसरी Short List बाट छनौट भएका उमेदवारहरुको छनौट गर्ने आधार देहाय बमोजिम हुने छ।

| सि. नं. | आधारहरु | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| १ | **शैक्षिक योग्यता** | ३५ | |
| १.१ | न्यूनतम | २५ | |
| १.२ | एक तह माथि | १० | |
| २ | **कार्य अनुभव** | ३५ | |
| २.१ | न्यूनतम | २५ | |
| २.२ | न्यूनतम भन्दा एक वर्ष सम्म बढि | ५ | |
| २.३ | न्यूनतम भन्दा एक वर्ष बढि अवधि पछि हुने थप अवधि (कम्तिमा १ वर्ष ) | ५ | |
| ३ | **अन्तर्वाता/प्रस्तुतिकरण** | ३० | |
| | **जम्मा** | १०० | |

उपरोक्त बमोजिमको आधारमा प्राविधिक छनौट गर्न देहाय अनुसारको समिति रहने छ।

**संयोजक-** आयोजना प्रमुख, पर्यटन विकास आयोजना

**सदस्य-** भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुरले तोकिदिएको कम्तिमा नवौं तहको नेपाल इन्जिनियरिङ्ग सेवाको प्राविधिक कर्मचारी

**सदस्य-** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुरले तोकिदिएको कम्तिमा नवौं तहको कर्मचारी

**सदस्य-** लेखा अधिकृत, पर्यटन विकास आयोजना

**सदस्य सचिव-** संयोजक, खरिद ईकाइ, पर्यटन विकास आयोजना

यस कार्यविधि अन्तर्गतरही छनौट समितिले कर्मचारी छनौटको लागि आवश्यक पर्ने विभिन्न फारमहरु, मूल्याङ्कन गर्ने तरिका तथा छनौट सम्बन्धि अन्य प्रकृया आफै निर्धारण गर्न सक्नेछ।

विशेषज्ञ इन्जिनियरिङ्ग परामर्श सेवा र सुविधा

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर, नेपालको च. नं. १४ मिति २०७८/०४/०८ को पत्र साथ प्राप्त स्वीकृत लागत अनुमान बमोजिम मासिक रु. ६०,०००/- मा नबढ्ने गरी व्यक्ति करारको प्रकृयाबाट उपलब्ध गरिने छ। यसका साथै स्थलगत रुपमा कार्य क्षेत्रमा खटिएको अवस्थामा यातायात खर्च र प्रचलित नियम अनुसार होटल बास खर्च समेत उपलब्ध गराईने छ। करार सेवाका कर्मचारीले पाउने भनि नेपाल सरकारले निर्णय गरेका सुविधा समेत प्रदान गरिने छ। पारिश्रमिक तथा सुविधा प्रदान गर्दा प्रचलित नियमानुसार कर कट्टि गरेर मात्र दिईने छ।

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद-१३

## ट्रेकिङ्ग मजदुर लक्षित उच्चपहाडी तथा हिमाली भेगका पर्यटकीय पदमार्ग, हिमाल बेसक्याम्प, पर्यटकीय रुट जाने मार्गको वृहत सरसफाई कार्यक्रम, मकवानपुर (११.४.२२.७३९)

२७.यस कार्यक्रम सञ्चालनका लागि उल्लेखित क्षेत्रको प्रारम्भिक सर्वेक्षण, आवश्यकता एवं स्थान एकिन गरी सोही बमोजिम मन्त्रालयबाट कार्यक्रम बाँडफाँड एवं स्वीकृत गराई प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम कार्यक्रम सञ्चालन गरिने छ।

## परिच्छेद-१४

## सामुदायिक होमस्टे प्रबर्द्धन कार्यक्रम, मकवानपुर (११.४.२२.७४०)

२८.यस प्रदेश अन्तर्गत रहेका सामुदायिक होमस्टेका प्रवर्द्धन कार्यका लागि आवश्यकता बमोजिम होमस्टे एशोसियसनसँग समेत समन्वयन गरी प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम कार्यक्रम सञ्चालन गरिने छ।

## परिच्छेद-१५

## स्थानिय तह एवं अन्य निकायबाट सञ्चालन गरिने कार्यक्रम कार्यान्वयन कार्यविधि

२९.पर्यटन प्रर्वधन अन्तर्गत पर्यटकिय भौतिक संरचना निर्माण कार्यका लागि स्थानिय तह तथा डिभिजन वन कार्यालयहरुमा विनियोजित बजेट कार्यान्वयन सम्बन्धमा तपसिल बमोजिम कार्यविधि अपनाई सञ्चालन गर्नु पर्ने छ।

- रु. ५० लाख सम्म विनियोजित भएको कार्यक्रम सञ्चालन गर्दा यस कार्यविधिको परिच्छेद-४ मा निर्द्दिष्ट भए बमोजिम उपभोक्ता समिति मार्फत सञ्चालन गर्न सकिने छ।
- रु ५० लाख रकम भन्दा बढि बजेट विनियोजन भएको कार्यक्रमहरु सार्वजनिक खरिद ऐन, २०६३ एवं सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बोलपत्रको माध्यमबाट सञ्चालन गर्नु पर्नेछ।
- विनियोजित कार्यक्रम सञ्चालनका लागि इन्जिनियरिङ्ग सेवाका प्राविधिक आवश्यकता भएमा लागत अनुमान गर्दा आउने कन्टेन्जेन्सी रकमबाट प्रचलित ऐन, कानुन एवं मन्त्रालयको २०७६/११/२२ को निर्णय (सचिवस्तरिय) बाट स्वीकृत सार्वजनिक खरिदमा कन्टेन्जेन्सी खर्चलाई व्यवस्थित गर्ने कार्यविधि, २०७६ बमोजिम व्यक्ती करार गरी सेवा लिन सकिने छ।
- उपरोक्तमा समावेश नभएका क्रियाकलापहरु सञ्चालन गर्दा प्रचलित ऐन कानून तथा उपल्लो निकायको निर्णय एवं परिपत्र बमोजिम सञ्चालन गर्नु पर्नेछ।

## परिच्छेद-१६

## विविध

३०.यस कार्यविधिमा समावेश नभएका क्रियाकलापहरु सञ्चालन गर्दा प्रचलित ऐन कानून तथा उपल्लो निकायको निर्णय एवं परिपत्र बमोजिम सञ्चालन गरिने छ।

प्रदेश सचिव

३१. कुनै सामुदायिक वन, धार्मीक वन, कबुलियती वन वा वन संरक्षण क्षेत्रको सिमाना भित्र पर्यटकीय आयोजना संचालन हुने भए प्रचलित वन ऐन र पर्यापर्यटन कार्यविधि अनुसार सम्बन्धित वनको कार्ययोजनामा समावेश गरी कार्ययोजना स्वीकृत भए पछी मात्र निर्माण कार्य प्रारम्भ गरिनेछ । स्थानीय तह एवं अन्य निकायबाट संचालन हुने कार्यक्रममा समेत यो व्यवस्था लागु हुनेछ ।

अनुसूची-१ निवेदनको ढाँचा

मितिः-

श्रीमान् आयोजना प्रमुख ज्यू,
पर्यटन विकास आयोजना, हेटौंडा, मकवानपुर, नेपाल।

हालसालै खिचिएको मुखाकृति देखिने पासपोर्ट साईजको फोटो

विषयः- करार सेवामा काम गर्ने अवसर पाउ भन्ने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा त्यस आयोजनाको मिति २०७८/........./.......... को .......................... दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार म त्यस आयोजनामा करार सेवामा कामकाज गर्न इच्छुक भएकोले मेरो निम्न विवरण खुलाई यो निवेदन पेश गरेको छु।

१. कामकाज गर्न चाहेको पदः-
२. नाम थरः-
३. स्थायी ठेगानाः-
४. हाल बसोबास गरेको ठेगानाः-
५. शैक्षिक योग्यताः-
६. कार्य अनुभवः-
७. सम्पर्क विवरण
   क. फोन/मोबाइल नं.:-
   ख. E-mail Address: -

निवेदक

नामः
दस्तखतः
मितिः

<u>संलग्न कागजातहरु</u>

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
२. हालसालै अद्यावधिक गरिएको सि.भि.
३. शैक्षिक योग्यता खुल्ने प्रमाणित प्रतिलिपि
४. कार्य अनुभव खुल्ने प्रमाणित कागजातहरु
५. अन्य केही भए उल्लेख गर्ने

प्रदेश सचिव

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल